आज मिति २०७७/०३/०३ गते निजगढ नगरपालिका नगर प्रमुख तथा नगर कार्यपालिका अध्यक्षश्री शुरेस कुमार खनाल ज्यूको अध्यक्षतामा बसेको ९० औं बैठकले देहाय बमोजिमका कार्यपालिका पदाधिकारिहरु छलफल गरी विभिन्न निर्णयहरु गरियो।

उपस्थिति

१. प्रमुख श्री शुरेसकुमार खनाल
२. उप-प्रमुख श्री लिलादेवी लामिछाने खनाल
३. वडा अध्यक्ष-वडा नं १ श्री मंगल लोप्चन
४. वडा अध्यक्ष-वडा नं २ श्री केशवप्रसाद उपाध्याय ढोडारी
५. वडा अध्यक्ष-वडा नं ३ श्री जीत वहादुर तामाङ
६. वडा अध्यक्ष -वडा नं ४ श्री जयराम कुमार
७. वडा अध्यक्ष-वडा नं ५ श्री थलप्रसाद गौतम
८. वडा अध्यक्ष-वडा नं ६ श्री कुश वहादुर थापा
९. वडा अध्यक्ष-वडा नं ७ श्री रामजीप्रसाद बजगाई
१०. वडा अध्यक्ष- वडा नं ८ श्री टेक वहादुर लामा
११. वडा अध्यक्ष- वडा नं ९ श्री सुदर्शनप्रसाद वडाल
१२. वडा अध्यक्ष-वडा नं १० श्री पदम वहादुर मोक्तान
१३. वडा अध्यक्ष-वडा नं ११ श्री प्रेम वहादुर गोले
१४. वडा अध्यक्ष-वडा नं १२ श्री ज्ञान वहादुर गोले
१५. वडा अध्यक्ष- वडा नं १३ श्री सुर्य घलान
१६. नगर कार्यपालिका सदस्य श्री जगत कुमारी अधिकारी
१७. नगर कार्यपालिका सदस्य श्री निमादेवी विश्वकर्मा
१८. नगर कार्यपालिका सदस्य श्री मिनमाया लामा
१९. नगर कार्यपालिका सदस्य श्री राधा कुमारी पुलामी मगर
२०. नगर कार्यपालिका सदस्य श्री लक्ष्मी गौतम
२१. नगर कार्यपालिका सदस्य श्री पदम वहादुर भुजेल
२२. नगर कार्यपलिका सदस्य श्री पवन विश्वकर्मा
२३. नगर कार्यपलिका सदस्य श्री सरिता राई दनुवार
२४. प्र.प्र.अधिकृत सदस्य- सचिव श्री विशकसेन ढकाल

आमन्त्रितः

१ अधिकृत छैठौं श्री रविन घिमिरे

प्रस्ताव तथा निर्णयहरुः

प्रस्ताव नं १: आन्तरिक आएको ठेक्का लगाउने सम्बन्धमा।

निर्णय नं १: निजगढ नगरपालिकाबाट प्रस्ताव गरिएका लाल बकैया नदिको पुलको उत्तर तर्फ र दक्षिण तर्फबाट नदिजन्य पदार्थ संकलन तथा उत्खनन गर्नका लागि प्रारम्भिक बातावरणिय मुल्याङकन(IEE) प्रतिवेदन जिल्ला समन्वय समिति, बाराबाट स्विकृत भइ आएकोले आ.व २०७७\०७८ लागि दैनिक १२८५ घन मिटरका दरले बार्षिक ३,४७,०४६ (तिन लाख सटचालिस हजार छयालिस घन मिटर) उतख्रन प्रति क्युफिट रु ४ र निकासी प्रति क्यु फिट रु ३ गरी जम्मा प्रति क्युफिट रु ७ का दरले न्युनतम ठेक्का अंक भ्याट बाहेक रु ८,५७,०६,४८१( रु ८ करोड सन्ताउन्न लाख छ हजार चार सय एकासी) हुने गरी ठेक्का बन्दोबस्त गर्नका लागि नगरपालिका कार्यालयलाइ स्विकृत दिने निर्णय गरियो।त्यसैगरी धन्सार नदिको पुलको उत्तर तर्फ र दक्षिण तर्फबाट नदिजन्य पदार्थ संकलन तथा उत्खनन गर्नका लागि प्रारम्भिक बातावरणिय मुल्याङकन(IEE) प्रतिवेदन जिल्ला समन्वय समिति, बाराबाट स्विकृत भइ आएकोले आ.व २०७७\०७८ लागि दैनिक ६६५ घन मिटरका दरले बार्षिक १,७९,४८५ (एक लाख उनानअसि हजार चार सय पचासी घन मिटर) उतख्रन प्रति क्युफिट रु ४ र निकासी प्रति क्यु फिट रु ३ गरी जम्मा प्रति क्युफिट रु ७ का दरले न्युनतम ठेक्का अंक भ्याट बाहेक रु ( ४,४३,२५,६१०( रु ४ करोड त्रिचालिस लाख पच्चिस हजार छ सय दस) हुने गरी ठेक्का बन्दोबस्त गर्नका लागि नगरपालिका कार्यालयलाइ स्विकृत दिने निर्णय गरियो।

प्रस्ताव नं २: जनप्रतिनिधि र कर्मचारीहरुको कोरोना बिमा सम्बन्धमा।

निर्णय नं २: निजगढ नगरपालिकाका निर्वाचित सत्तरी जना जनप्रतिनिधिहरु, निजगढ नगरपालिकाको कार्यालयमा काम गर्ने सम्पुर्ण कर्मचारीहरु, १३ वटै वडा कार्यालयहरुमा काम गर्ने कर्मचारीहरुको कोरोना बिमा गर्ने निर्णय गरियो।

प्रस्ताव नं ३: एक गाउँ एक प्राविधिक अन्तरगत खटिएका कर्मचारीहरुको तलब सम्बन्धमा।

निर्णय नं ३: एक गाउँ एक प्राविधिक अन्तरगत खटिएका कर्मचारीहरुको तलब भत्ता र पोशाक भत्ताको लागि माग भइ आएको रकम रु २,८५,९८०(रु दुइ लाख पचासी हजार नौ सय असी) निकासी दिने निर्णय गरियो।

प्रस्ताव नं ४: मालपोत कार्यालयबाट सहयोग माग भइ आएको सम्बन्धमा।

निर्णय नं ४: मालपोत कार्यालय सिमराको लागि १० सेट पि पि इ र १ थान थर्मल गन सहयोग स्वरुप दिने निर्णय गरियो।

प्रस्ताव नं ५: ससत्र प्रहरीलाइ सहयोग गर्ने सम्बन्धमा।

निर्णय नं ५: भद्रकालि गण पिलुवामा १०० बेडको क्वारेन्टाइन बेड निर्माण गर्न सहयोगकालागि निवेदन परेकोले तपशिल बमोजिमका सामानहरु खरिद गरी दिने निर्णय गरियो।

म्याट १० सेट, सिरानि १० सेट, बाल्टिन, जग १०-१० सेट, झुल १० सेट, तन्ना १० सेट, टाबेल १० सेट, चप्पल १० सेट, साबुन १ कार्टुन लाइफ ब्वाइ

प्रस्ताव नं ६: औषधि खरिद गरेको रकम तथा बिबिध शिर्षकमा खर्च भएको रकम बिपद कोषबाट खर्च गर्ने सम्बन्धमा।

निर्णय नं ६: औषधि खरिद गरेको रकम र बिबिध खर्च क्वारेन्टाइन खर्च ह्याप्पि किचेन तथा प्राथामिक स्वास्थ्य केन्द्रले पेश गरेको देहायबमोजिमको रकम भुक्तानि दिने निर्णय गरियो साथै भुक्तनि दिने बेलामा विपदको समयामा खर्च गर्न पेशकी स्वरुप कार्यालयका प्राबिधिक कर्मचारी सव इन्जिनियर नविन खनाल लाइ रु १० लाख रकम दिएकोले तल उल्लीखित रकम भुक्तनि दिने बेलामा बिल टयाली गरेर मात्र भुक्तानि दिने निर्णय गरियो।

| क स | बिबरण | खर्च(रुपैयाँमा) |
|---|---|---|
| १ | औषधि खरिद | ९,५७,२२३ |
| २ | खाना, खाजा-ह्याप्पि किचेन | ३,५४,२६५ |
| ३ | जनचेतनामुलक माइकिङ गरेबापत अटो भाडा | २५,००० |
| ४ | वडा नं २ को क्वारेन्टाइन खर्च | ६२,१०० |
| ५ | वडा नं ५ को क्वारेन्टाइन खर्च | २०,७६२ |
| ६ | वडा नं ८ को क्वारेन्टाइन खर्च | ८५,८४८ |
| ७ | वडा नं १० को कोवारेन्टाइन खर्च | ८५,०५५ |
| ८ | वडा नं ११ को क्वारेन्टाइन खर्च | २,०८,५१४.६२ |
| ९ | प्राथामिक स्वास्थ्य केन्द्रको खर्च | १,६१,७९० |
| १० | कोभिड सम्बन्धि सुचना | ११,३०० |
| ११ | जम्मा | १९,७१,८५७.६२ |

प्रस्ताव नं ७: बिधालयहरुलाइ स्माट बोर्ड र LED TV को रकम निकासा सम्बन्धमा।

निर्णय नं ७: बिधालयहरुलाइ स्माट बोर्ड र LED TV खरिदको लागि यस आर्थिक बर्षमा बिनियोजित रकम निकासा दिने निर्णय गरियो।

प्रस्ताव नं ८: निजगढ खानेपानि उपभोक्ता समितिलाइ पाइप खरिदको लागि रकम अनुदान दिने सम्बन्धमा।

निर्णय नं ८: निजगढ खानेपानि उपभोक्ता समितिलाइ पाइप खरिदको लागि रु १५ लाख अनुदान दिने निर्णय गरियो साथै लाल खाने पानिलाइ ५०० मिटर तथा वडा नं १३ लाइ ५०० मिटर पाइप खरिद गरी दिने निर्णय गरियो।

प्रस्ताव नं ९: वडा नं २ र ३ को वोरिङ सिचाइमा उपभोक्ता संग लागत सहभागिता नगराउने सम्बन्धमा।

निर्णय नं ९: वडा नं २ र ३ को बोरोङ सिंचाइमा उपभोक्ता संग लागत सहभागिता नगराउने निर्णय गरियो।

प्रस्ताव नं १०: आर्थिक सहायता सम्बन्धमा।

निर्णय नं १०: निजगढ नगरपालिका वडा नं ३ मा बस्ने लाल बहादुर स्याङतानको मिति २०७७-०६-१९ गते गोठ आगलागि भइ पुर्ण रुपमा क्षति भएकोर पिडितले निवेदन दिएकोले सो व्यक्तिलाइ आर्थिक सहायता स्वरुप रु २० हजार दिने निर्णय गरियो। र निजगढ नगरपालिकामा करिब ७ महिना निशुल्क रुपमा प्राबिधिक शाखामा रहि इन्टनसिप गरेका सव इन्जिनियर रामपुकार कुमार पाशवान को आर्थिक स्थिति दयनिय भएकोले सो प्राबिधिकलाइ रु १० हजार आर्थिक सहयोग दिने निर्णय गरियो। साथै वडा नं २ स्थायि वासी नर बहादुर बिक मृगौला पिडित भइ आर्थिक सहायताको लागि निवेदन परेको र सम्बन्धित वडाबाट समेत सिफारिस परेकोले सो व्यक्तिलाइ आर्थिक सहायता स्वरुप रु पाँच हजार आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो।

प्रस्ताव नं ११: RDT परिक्षण गर्न शुल्क निर्धारण सम्बन्धमा।

निर्णय नं ११: निजगढ प्राथामिक स्वास्थ्य केन्द्रमा क्वारेन्टाइनमा बस्ने व्यक्तिहरु बाहेक आफ्नो स्वइक्षाले RDT परिक्षण गर्न चाहाने व्यक्तिहरुको लागि प्रति व्यक्ति परिक्षण शुल्क रु ८५०(आठ सय पचास मात्र) लिने निर्णय गरियो। साथै Rdt परिक्षण शुल्क बापत उठेको रकम कोरोना भाइरस बिपद कोषमा जम्मा गर्ने निर्णय गरियो।

प्रस्ताव नं १२: कोरोना कार्यबिधि पास गर्ने सम्बन्धमा।

निर्णय नं १२: कोरोना भाइरस जोखिम न्युनिकरणका गर्दै सबै होटेल, रेष्टुरेण्ट, पसल, व्यबसाय, तथा बैङक तथा बित्तिय संस्थाहरुलाइ नियमित रुपमा सञ्चालन गर्नका लागि निजगढ नगरपालिका होटेल रेष्टुरेण्ट, पसल व्यबसाय, बैङक तथा बित्तिय संस्थाहरु सञ्चालन कार्यबिधि २०७७ पारित गर्ने निर्णय गरियो।

प्रस्ताव नं १३: कर्मचारीहरुको बैशाख र जेष्ठ महिनाको कोरोना जोखिम भत्ता पारित गर्ने सम्बन्धमा।

निर्णय नं १३: निजगढ नगरपालिकामा कार्यरत बिभिन्न शाखामा रहि कोरोना भाइरस जोखिम न्युनिकरणको लागि नेपाल सरकारले घोषणा गरेको लकडाउनको अबधिमा कार्यालको बिभिन्न कार्यहरु सम्पादन गर्ने कर्मचारीहरुलाइ बैशाख र जेष्ठ महिनाको नेपाल सरकारले तोकेको मापदण्ड अनुरुप "क" समुहमा पर्ने कर्मचारीहरुको लागि खाइपाइ आएको तलबको शतप्रतिशत(१००%) "ख" समुहमा पर्ने कर्मचारीहरुको लागि खाइपाइ आएको तलवको (७५%) र "ग" समुहमा पर्ने कर्माचारीहरुको लागि खाइपाइ आएको तलवको (५०)%कोरोना जोखिम भत्ता उपलव्ध गराउने निर्णय गरियो।

प्रस्ताव नं १४: ECD शिक्षक हरुको बिधालयले तलबको लागि थपेको अनुदान रकम माग गर्ने सम्बन्धमा।

निर्णय नं १४: ECD शिक्षकहरुको लागि बिधालयहरुले तलब बितरणका लागि के कति अनुदान दिएका छन सबै सामुदायिक बिधालयहरु संग थप गरेको अनुदान रकमको जानकारी नगरपालिका समक्ष पेश गर्नका लागि बिधालयलाइ पत्राचार गर्ने निर्णय गरियो।

प्रस्ताव नं १५: सिदार्थ अपसेट प्रेसलाइ भुक्तानि दिने सम्बन्धमा।

निर्णय नं १५ साबिकको निजगढ र रतनपुरि गा वि स रहेको बेला छपाइ सम्बन्धि काम गर्दा खेरी कुल रकम रु ७७,८९५ लागेको मध्य रु २५,००० रकम बुझेको र बाँकि रु ५२,८९५ भुक्तानि लिन बाँकि भएको भनि सम्बन्धित प्रेसबाट निवेदन परेको हुँदा सो प्रेसलाइ बाँकि रकम रु ५२,८९५(बाउन्न हजार आठ सय पनचानव्वे) र भुक्तानि दिने निर्णय गरियो। साथै धरौटि राखेको रकम रु ७५ सय रकम समेत फिर्ता दिने निर्णय गरियो।

प्रस्ताव नं १६: ओम शान्ति मार्ग र अवतार मार्गमा रहेको खाल्डा खुल्डी पुर्नेका लागि प्रयोग भएको माग रकम भुक्तानि दिने सम्बन्धमा।

निर्णय नं १६: गत दशैंको समय असोज महिनामा ओम शान्ति मार्ग र अवतार मार्गमा रहेको खाल्डा खुल्डि पुर्नको लागि लागेको कुल रकम बिस हजार निवेदन परी सम्बन्धित वडाबाट सिफारिस भइ आएकोले रु २० हजार रकम भुक्तानि दिने निर्णय गरियो।

प्रस्ताव नं १७: जनप्रतिनिधि लाइ इन्धन र बैठक भत्ता उपलब्ध गराउने सम्बन्धमा।

निर्णय नं १७: जनप्रतिनिधिलाइ गत साउन महिना देखिको बैठक भत्ता उपलब्ध गराउने निर्णय गरियो र कार्यपालिका सदस्यहरु मध्य सबै वडा अध्यक्षहरुलाइ प्रति महिना १५ लि र कार्यपालिका सदस्यहरुलाइ प्रति महिना १० लि मासिक नियमित रुपमा इन्धन सुबिधा उपलब्ध गराउने निर्णय गरियो।

प्रस्ताव नं १८ कपाल काट्ने नाइहरुलाइ राहत उपलब्ध गराउने सम्बन्धमा।

निर्णय नं १८ नेपाल नाइ संघ को सिफारिसमा निजगढ नगरपालिका भित्र कपाल काट्दै आइरहेका नाइहरुलाइ लकडाउनको कारणले व्यबसाय बन्द भएकोले सिफारिस भइ बमोजिम आएका २८ घर परिवारहरुलाइ प्रदेश सरकारले सहयोग गरेको राहतको परिणाम बमोजिमको राहत उपलब्ध गराउने निर्णय गरियो।

प्रस्ताव नं १९ राजस्व परामर्श समितिले पेश गरेको ठेक्काको दर रेट सम्बन्धमा।

निर्णय नं १९ साबिक बमोपजिमका ठेक्का बन्दोबस्तद्धारा भए गरेका निम्न कार्यहरु अडाढ मसान्तभित्र पुन बन्दोबस्त गर्नु पर्ने हुँदा राजस्व परामार्श समितिले मिति २०७७-०३-०२ गतेको सिफारिस अनुसार गत बर्षको कवुल गरेको अंकलाइ आधार मानि ठेक्का बन्दोबस्त गर्ने निर्णय गरियो।

क) ठेक्का बन्दोबस्त बिबरण र न्युनतम ठेक्का अंक

| क स | क्षेत्र | रकम(रुपैंयामा) |
|---|---|---|
| क | निजगढ हाटबजार | २१,०४,४१० |
| ख | रतनपुर हाटबजार | ४,९७,२०० |
| ग | सिंगौल हाटबजार | ४,४१,१०० |
| घ | फोहोरमैला हाटबजार | १२,१०,१२२ |

| | | |
|---|---|---|
| ङ | सार्वजनिक मर्मत संभार तथा प्रदुषण शुल्क | १,३७,२४,४४८ |

ख) हाटबजार तर्फको सार्वजनिक सेवा उपयोग शुल्कलाइ क र ख बर्गिकरण गरी निजगढ हाट बजारलाइ क वर्ग र रतनपुरी र सिंगौलमा रहेको बजार क्षेत्रको ख वर्ग भनि छुट्टाछुट्टै दर निर्धारण भएकोमा क वर्गको साविक बमोजिमको दर निर्धारण गरी एकै दर कायम गरी असुल गर्ने।

ग) सार्वजनिक संरचना मर्मतय संभार तथा प्रदुषण शुल्कमा साविक बमोजिमकै दर कायम गर्ने।